Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मिति २०७४/५/२३

# प्रेस विज्ञप्ति

महिला पुर्नस्थापना केन्द्र ओरेक उदयपुरको व्यवस्थापनमा सञ्चालित ***सुरक्षाबासबाट महिला बेपत्ता*** शिर्षकमा मिति २०७४/५/२० मा आएको समाचारको सन्दर्भमा उक्त महिला फेला परेको जानकारी गराउन चाहन्छौं । गत मिति २०७४ साल भदौं १७ गते बेपत्ता भएकी महिलालाई भदौ २२ गते काठमाडौंको बानेश्वरमा आफ्ना साथीसँग हिडिरहेको अवस्थामा संस्थाकै कर्मचारीले फेला पारेको हो । उनीसँग संस्थाकै कर्मचारीले सोधपुछ गर्दा उनी कामको खोजीमा काठमाडौं आउन सुरक्षाबासबाट निस्किएको जानकारी संस्थालाई दिएकी छिन् । उनले आफूमाथि विगतमा घटेको घटनालाई कुनै पनि प्रकारले बाहिर ल्याउन नचाहेको, अदालती प्रक्रियामा पनि जान मन नभएको र सम्पूर्ण घटनालाई नै बिर्सिएर आफू नयाँ जीवनको सुरुवात गर्न चाहेको जानकारी गराउदै सुरक्षाबासमा बस्न आवश्यक नठानी आफै आत्मनिर्भर भएर व्यवसाय गर्ने इच्छाले काठमाडौ आएको बताइन् ।

सो पश्चात संस्थाले उनको हालको अवस्थाका बारेमा सोधपुछ गर्दा आफ्नो साथीसँग नयाँ बानेश्वरमा बसी ब्वाइज होस्टेलमा काम गर्न थालेको जानकारी उनी तथा उनको साथीबाट भएको छ । त्यसपछि उनलाई संस्थाले कागजी प्रक्रिया पूरा गरी समय समयमा सम्पर्कमै रहन र आवश्यकता परे पुन संस्थासँग सम्पर्कमा आउन जानकारी पनि दिइएको छ । यसैगरी, संस्थाले महिला भेटिएको बारे उदयपुर प्रहरीलाई समेत जानकारी गराएको छ । साथै काठमाडौं प्रहरीमा लिखित रुपमा जानकारी गराउने प्रक्रिया भइरहेको छ ।

मिति २०७४ साल भाद्र १२ गते उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ४ मा रहेको इलाका प्रहरी कार्यालय कटारीवाट सोही नगरपालिका बस्ने गोमालाई (नाम परिवर्तन) निजकै श्रीमानले कुटपिट गरि घर निकाला गरेका थिए । उनलाई त्रियुगा नगरपालिका वडा नं. १० मा रहेको एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC) ल्याई उपचार गराई (OCMC) ले नै ओरेकको महिला सुरक्षा आवास रेफर गरी राखिएको थियो । तर उनी गत मिति २०७४ साल भाद्र १७ गते दिउसोको समयमा सुरक्षा बासमा रहेका अन्य कर्मचारीहरुलाई जानकारी नै नदिई सुरक्षावासबाट बाहिर निस्किएकी थिइन् ।

अभिराम राय
कार्यक्रम निर्देशक
ओरेक

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org

महिला अधिकार तथा सामाजिक न्यायमा आधारित दिगो विकासको प्रवर्द्धनका लागि जुटौं ।